# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

मिति : २०७९।०९।२६

### रत्ननगर नगरपालिकाको व्यवसाय दर्ता/नविकरण गर्ने वारेको अत्यन्त जरुरी सूचना !

नेपालको संविधानको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ बमोजिम हालसम्म नगरपालिकामा व्यवसाय दर्ता नगरी सञ्चालनमा रहेका, व्यवसाय नविकरण नगरेका, कुनै पनि प्रकारको उद्योग, व्यापार/व्यवसाय, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले नियमानुसारको विवरण संलग्न राखी रत्ननगर नगरपालिकाको कार्यालय वा सम्वन्धित वडा कार्यालयमा व्यवसाय दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको अवज्ञा गरी सञ्चालन हुने व्यवसायलाई स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम निजलाई नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका वा सरकारी स्वामित्वका संघ/संस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर वा करदाताको कारोबार रोक्का गरेर, निजबाट लिनुपर्ने व्यवसाय कर असूल उपर गरी व्यवसाय बन्दको कारवाही समेत गर्न सकिनेछ । यदी कर नतिर्ने, कर छल्ने तथा झुट्टा विवरण पेश गर्ने कार्य गरेमा ऐन, कानुन बमोजिम कारवाही/दण्ड जरिवाना एवं नगरपालिकावाट उपलब्ध हुने सेवा सुविधावाट बन्चित हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>व्यवसाय दर्ताका लागि आवश्यक पर्ने कागजात तथा विवरण :</u>

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(ख) प्रचलित कानून बमोजिम सम्वन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि
(ग) गैर नेपाली नागरिकको हकमा सम्वन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि
(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस वा सरजमिन मुचुल्का
(ङ) व्यबसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी बिजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)
(च) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो ।

पुनश्च : नगरपालिकाबाट ठाउँको ठाँउ व्यवसाय दर्ता/ नविकरण एवं व्यवसायको रेकर्ड अध्यावधिक गर्ने कार्यका लागि कर्मचारी, जनप्रतिनिधी एवं सरोकारवाला सहितको अनुगमन टोली आँउदै छ, उक्त टोलीलाई आफ्नो व्यवसायको यथार्थ विवरण उपलब्ध गराई सहयोग गरिदिनु हुन नगरवासीहरुमा हार्दिक अनुरोध गरिन्छ ।

............
( छविलाल सुवेदी )
छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत